## १. पृष्ठभूमि

देशको कुल ग्राहस्थ उत्पादनमा एक तिहाई योगदान रहेको कृषि क्षेत्रले ग्रामिण क्षेत्रको रोजगारी तथा आम्दानी बढाउन महत्वपूर्ण भूमिका खेलेको छ। करिब ६७ प्रतिशत जनसंख्या अझैं पनि कृषिमा आश्रित छन्। जसले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका राख्दछ। स्थानीय बासिन्दाको आय स्तरमा वृद्धि गरी जीविकोपार्जनमा दीगो सुधार ल्याउने उद्देश्यले एशियाली विकास बैंकको अनुदान सहयोगमा उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना उच्च पहाडका १० जिल्लाहरु (संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा, जुम्ला, मुगु र हुम्ला) मा सन्चालन भैरहेको छ।




कृषि, पशुपन्छी पालन तथा जडिबुटीजन्य व्यवसायहरुको मूल्यश्रृंखला (Value Chain) विकासद्वारा मूल्य अभिबृद्धिका क्रियाकलापहरु संचालन गरी व्यवसायीहरुको आय आर्जनमा सहयोग पुऱ्याउने लक्ष आयोजनाले लिएको छ। सन् २०११ सेप्टेम्वर देखि २०१७ अक्टुवर सम्म संचालन हुने हिमाली आयोजनाको कुल लगानी ३ करोड अमेरिकी डलर छ। जस मध्ये एशियाली विकास बैंकको २ करोड अमेरिकी डलर अनुदान सहयोग प्राप्त भएको छ। यसरी एशियाली विकास बैंकको ६६ प्रतिशत, नेपाल सरकारको १५ प्रतिशत र आयोजनामा सहभागी व्यवसायीहरुको १९ प्रतिशत लगानी रहने अनुमान गरिएको छ। नेपाल उद्योग बाणिज्य महासंघ/कृषि उद्यम केन्द्र आयोजनाको कार्यान्वयन साझेदार संस्था हो भने Agrifood Consulting International (ACI) कार्यक्रम कार्यान्वयन परामर्शदाता रहेको छ।

कृषिलाई जीविकोपार्जनमा मात्र सिमित नराखी, दिगो व्यवसायीकरणमा जोड दिई, कृषि उत्पादनमा आत्मनिर्भर बनाउन तथा कृषि उत्पादनको निर्यातलाई प्रवर्द्धन गर्ने नेपाल सरकारको नीति रहेको छ। उक्त नीतिलाई कार्यान्वयन गर्न पशुपन्छी विकास मन्त्रालय, पशु सेवा बिभाग मार्फत उच्च पहाडका १० जिल्लाहरुमा हिमाली आयोजना संचालन भईरहेको छ।

## २. अपेक्षित उपलब्धी

आयोजनाको प्रभावकारी कार्यान्वयनवाट हिमाली भेगमा नाफा मूलक कृषिजन्य व्यवसायहरुको विकास हुने र आयोजनाले पहिचान गरेका बाली, तथा वस्तुका उत्पादनहरुको मूल्य श्रृंखला विकास भई सो मा आवद्ध सबै पात्रहरुमा लाभ पुग्ने अपेक्षा आयोजनाले राखेको छ। आयोजनाद्वारा स्थापित व्यवसायहरुवाट ७,५०० स्थायी रोजगारी सिर्जना हुने, आयोजनाको लगानीमा संचालित उप-आयोजनाहरुवाट वार्षिक २ करोड अमेरिकी डलर बराबरको उत्पादन थप हुने र आयोजनामा लगानी गर्ने व्यवसायीहरुले आफ्नो लगानीमा वार्षिक सालाखाला १५ प्रतिशत प्रतिफल प्राप्त गर्ने आदि यस आयोजनाका अन्य अपेक्षित परिमाणात्मक उपलब्धीहरु हुन।

## ३. कार्यान्वयन अवस्था

आयोजनामा प्राप्त २४४२ कृषि व्यवसाय प्रस्तावहरु मध्ये ११६४ वटा मुल्याङ्कन भई हाल सम्ममा ५३३ वटा व्यवसायीक योजनाहरु सम्झौता भई कार्यान्वयनमा रहेका छन्। जसमध्ये २९६ वटा पशुपालन तर्फ, १३५ वटा कृषिमा, ७३ वटा जडीबुटी तथा २९ वटा रेन्वो टाउट, हातेकागज लगायत अन्य क्षेत्रसंग सम्बन्धित रहेका छन्। सम्झौता भई सकेका उप आयोजनाहरुमा कुल लगानी रु. ९७ करोड ७२ लाख छ भने, हिमाली आयोजनाले उपलब्ध गराउने कुल अनुदान रकम रु. ७१ करोड ६१ लाख हुन आउछ। साथै हाल सम्मको सम्झौता अनुसार रु. ३६ करोड १३ लाख अनुदान स्वरुप भुक्तानी गरिएको छ। जस मध्ये व्यवसायीहरुको लगानी २५ करोड रहेको छ। हिमाली आयोजना संचालनमा रहेका १० जिल्ला स्थित सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा विभिन्न ४१ वटा मुल्य श्रृखलाहरु छनौट भई कार्यान्वयनमा रहेको छन्। उक्त मुल्य श्रृखलाहरुलाई बृहत्तर ३ सह-क्षेत्र (कृषि, पशुपालन, जडिबुटी आदी) मा वर्गिकरण गरि सम्बन्धित जिल्लाहरुमा संचालनमा रहेका छन् (तालिका - १)।

**तालिका १: मिति २०७३/०१/१७ सम्म सम्झौता भएको उप-आयोजनाहरुको संक्षिप्त विवरण**

| जिल्ला | उप-आयोजना संख्या | | | | | जम्मा लगानी रकम रु. (लाखमा) | हिमाली अनुदान रकम रु. (लाखमा) | व्यवसायी स्वमंको लगानी रकम रु. (लाखमा) | सोध भर्ना भुक्तानी भएको रकम रु. (लाखमा) | हालसम्म प्राप्त आम्दानी रकम रु. (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सम्झौता भएको | सहक्षेत्रहरु | | | | | | | | |
| | | कृषि | पशुपालन | जडिबुटी | अन्य | | | | | |
| संखुवासभा | ४५ | ९ | २१ | १४ | १ | ६३५.२९ | ४१३.५१ | २२१.७८ | १९९.२२ | १२१ |
| सोलुखुम्बु | ४५ | १७ | १४ | १३ | १ | ५०२.०७ | ३८१.४८ | १२०.५८ | १५२.९३ | १८ |
| दोलखा | ११० | ३६ | ५९ | १४ | १ | १९८०.६९ | १४३५.७१ | ५४४.९८ | ६९३.६६ | ३३७ |
| रसुवा | ५० | १ | ३१ | १२ | ६ | ७१७.४३ | ५५४.५५ | १६२.८८ | ४२३.४९ | ९७ |
| मनाङ | २६ | ६ | १७ | ० | ३ | १०११.४८ | ६७९.३९ | ३३२.०८ | ५३३.४६ | ९१ |
| मुस्ताङ | ३६ | ७ | २७ | १ | १ | ७६६.०१ | ५८६.९० | १७९.११ | ४२८.७६ | ३०२ |
| डोल्पा | ६६ | १८ | ३९ | ४ | ५ | ११७४.०४ | ९३२.६० | २४१.४४ | ३०३.९५ | ५८ |
| जुम्ला | ४१ | १५ | १८ | ८ | ० | ९५८.४४ | ७४२.१३ | २१६.३१ | ३७७.१९ | ६६ |
| मुगु | ४५ | ११ | २९ | १ | ४ | ७३०.३९ | ५८४.३१ | १४६.०७ | २२८.५९ | १३ |
| हुम्ला | ६८ | १५ | ४१ | ५ | ७ | ८४०.६८ | ६७२.५४ | १६८.१३ | २५०.१७ | २० |
| नेपालगञ्ज (प्रसोधन) | १ | ० | ० | १ | ० | ३५५.७६ | १७७.८८ | १७७.८८ | २१.३८ | ० |
| **जम्मा** | **५३३** | **१३५** | **२९६** | **७३** | **२९** | **९६७२.३४** | **७१६१.०५** | **२५११.२९** | **३६१२.८७** | **११२३** |

## ४. हालसम्मका उपलब्धीहरु

आयोजनाको अनुदान सहयोगमा संचालित ५३३ उप-आयोजनाहरु मध्ये धेरै जसो हालसम्म पनि स्थापनाकै चरणमा रहेका र गत वर्षको भूकम्पले धेरै उप-आयोजनाहरुमा क्षति पुगेकाले समेत अपेक्षित उपलब्धि प्राप्तिमा अवरोध पुगेकोछ । तर पनि उच्च पहाडी जिल्लाहरुमा अहिलेसम्म आयोजना र व्यवसायीहरुको गरी लगभग १ अर्व रुपैया कृषि व्यवसायमा लगानी हुनु, औसतमा प्रति व्यवसाय ५.३ जनाले पूर्णकालीन रोजगारी पाउनु र ११ करोड ६२ लाख रुपैया बराबरको कृषि वस्तु उत्पादन हुनु आयोजनाको उपलव्धिहरु मान्न सकिन्छ । उदाहरणको लागि मनाङ्ग जिल्लामा ७०० रोपनीमा स्याउको उच्च घनत्व खेती (High Density Plantation) सुरु भैसकेको छ । विरुवा रोपेको पहिलो वर्षमा नै १५ मेट्रिक टन स्याउ उत्पादन भएको छ भने दोस्रो वर्ष र तेस्रो वर्ष क्रमश: १०० र २६० मे.ट. उत्पादन हुने अनुमान गरिएको छ । आयोजनाको सहयोगले रसुवा, मुस्ताङ, मनाङ, सोलुखुम्वु र दोलखा जिल्लाका व्यवसायहरुले रेन्वो ट्राउट पालनवाट मनग्य फाईदा लिई कृषि पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याएको छ । त्यसैगरी संखुवासभा, सोलुखुम्वु, रसुवा र दोलखा जिल्लामा चिराइतो व्यवसायले व्यापकता पाएको छ । यस प्रकार निर्वाहमूखी परम्परागत कृषि पेशालाई व्यवसायिकरण गर्न हिमाली आयोजना सफल सावित भएको छ । पशुपालनको क्षेत्रमा आयोजनाको मुख्य लगानी बाख्रापालन (११६), भेडापालन (६०), चौरीपालन (४२), गाईपालन (२४), बंगुरपालन (१८) एवं च्याङ्ग्रापालन (२१) र अन्य पशुपालन गरी कुल २९६ वटा उप-आयोजनाहरु रहेका छन् ।

## ५. प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला-२०७३

हिमाली आयोजनाले कृषि बस्तुहरुको प्रबर्द्धन गर्नको लागि आयोजना संचालन भएका जिल्लाहरुमा आयोजना संचालन भएकै वर्ष देखि नै व्यवसायीहरुलाई उत्प्रेरणा दिन जिल्लास्तरीय तथा क्षेत्रियस्तरीय कृषि व्यापार मेला संचालन गर्दै आएको छ । हिमाली उप-आयोजनाहरुबाट आम्दानी आउन थाले देखि नै राष्ट्रिय स्तरको कृषि व्यापार मेला संचालन गर्नुपर्छ भन्ने बारेमा छलफल भइरहेको थियो । करिव २०० उप-आयोजनाहरुले आम्दानी दिन सुरु गरिसकेको अवस्थामा हिमाली उप-आयोजनाहरुबाट उत्पादित कृषि उपजहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजार प्रबर्द्धन गर्नुपर्ने आवश्यकतालाई महशुस गरी यस आयोजनाले कार्यान्वयन साझेदार संस्था नेपाल उद्योग बाणिज्य महासंघ/कृषि उद्यम केन्द्रसंगको सहकार्यमा मिति २०७३ साल जेष्ठ ७ देखि ९ गते सम्म उप-आयोजनाहरुका कृषि उपजहरुको प्रदर्शनी तथा प्रर्वद्धन मेला आयोजना गरिएको छ ।

यस मेलामा हिमाली आयोजना लागु भएका १० जिल्लाहरुका करिब ७० वटा स्टल रहनेछन् । तीन दिनसम्म चल्ने प्रदर्शनी मेलामा याक चीज, छुर्पी, राडी, पाखी, फेरुवा तरकारीको वीउ, केशर, तोरा जुस, रसुवाको कालो मसुरो, जुम्ली मार्सि चामल, हिमाली चिया, सिलाजित, कर्णालीको सिमी, स्याउ, स्याउको चाना तथा जुस, ओखर, चिराईतो, अलैंची, रेन्वो ट्राउट दुध तथा मासुका परिकारहरु आदि मूख्य आकर्षण हुनेछन् । यस मेलाको अपेक्षित उपलब्धिहरुमा हिमाली उत्पादनहरुको बिक्री हुने, हिमाली बस्तुहरुको उपयोग सम्बन्धी जनचेतनामा वृद्धि हुने, हिमाली व्यवसायी तथा व्यापारीहरु बीच दिर्घकालीन व्यापारिक सम्झौता हुने आदि रहेको छ । यस मेलाका कारण उच्च पहाडी क्षेत्रमा व्यवसायिक वातावरण सिर्जना हुने र सो क्षेत्रका ब्यबसायीहरु थप लगानी गर्न उत्साही हुने अपेक्षा गरिएको छ ।

हिमाली आयोजनाको प्रतिफल आउने दिनहरुमा वृद्धि हुँदै जाने छ । उत्पादन बढ्दै जाँदा यसको प्रशोधन, बजारीकरण र थप व्यवसाय थप सुदृढीकरणको लागि एवं हिमाली क्षेत्रका अन्य जिल्लाहरुमा समेत विस्तार गर्न आयोजनाको दोश्रो चरण हिमाली-२ को आवश्यकता महसुस गरिएको छ । यसलाई मूर्तरुप दिन समेत व्यवसाय प्रवर्द्धन मेलाले सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

आयोजक:

मिडिया पार्टनर: नयाँ पत्रिका

ईभेन्ट म्यानेजर: Risevents


अन्य विस्तृत विवरणको लागि

**हिमाली आयोजना**
**आयोजना व्यवस्थापन कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन : +९७७-१-५५२५८३१
फ्याक्स: +९७७-१-५५२८६७०, टोल फ्रि न : १६६००११५५००
ईमेल :info@himali.gov.np वेवसाईट :www.himali.gov.np
www.facebook.com/projecthimali

**कृषि उद्यम केन्द्र**

नेपाल उद्योग वाणिज्य महासंघको भवन, पचलि सहिद शुक्र, मिलन मार्ग, टेकु
P.O. Box: ७६५१, काठमाडौं, नेपाल, फोन : +९७७-१-४२६२२६०/४२६२२४५
फ्याक्स : +९७७-१-४२६१६७१


उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना द्वारा आयोजित

# प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला- २०७३

जेठ ७, ८ र ९, २०७३
भृकुटीमण्डप, काठमाडौं

**कृषि ब्यवसाय विकासद्वारा उत्पादन वृद्धि !**
**नाफा, रोजगारी र हिमाली भेगमा समृद्धि !!**




नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना
HIMALI Project
ADB